# सोलुखुम्बु कृषि गतिविधि

**कृषि ज्ञान केन्द्र सोलुखुम्बुको द्वैमासिक प्रकाशन**

कृषि मूलश्च जीबनम्  ***The Solukhumbu Agricultrue Activities***

बर्ष २ | अङ्क २ | असोज-कार्तिक २०७८/०७९


**संरक्षक :**

श्री दुर्गा बहादुर तिरुवा,
कृषि प्रसार अधिकृत

**सम्पादक :**

श्री बबि बस्नेत
बाली संरक्षण अधिकृत
श्री प्रदिप कुमार यादव
कृषि प्रसार अधिकृत
श्री कुल बहादुर राई
अधिकृत स्तर छैटौं
श्री आदर्श कुमार सिंह
प्राविधिक स्तर पाँचौं



**मुद्रण :**

ज्वालामाई अफसेट प्रेस
फोन नं. ०३८-५२०३८९
ईमेल :
ychamling@gmail.com


## सम्पादकीय

हाम्रो देश नेपालको "समृद्ध नेपाल र सुखी नेपाली" अहिलेको प्रमुखनारा हो । यसलाई आ-आफ्नो स्थानबाट पुरा गर्नु हामी सबैको दायित्व हो । उत्पादनबिनाको समृद्धिलाई कल्पना गर्न सकिदैन् । कृषि उत्पादनको प्रमुख साधनहरु भूमि, श्रम, पुँजी र यसको व्यवस्थापनको तौर तरिकाले समृद्धिको राष्ट्रिय लक्ष्यलाई परितोषण गर्दछ । हाल कृषि क्षेत्रको वार्षिक वृद्धिदर २.७२ र कुल ग्राहस्थ उत्पादनको वृद्धिदर ६.२९ (आर्थिक सर्वेक्षण २०७४/७५) रहेको छ । कृषि क्षेत्रले नेपालको ठुलो स्थानलाई ओगटेको छ । कुल ग्राहस्थ उत्पादनमा लगभग २७.१० अर्थात एक तिहाई भाग कृषिको योगदान रहेको छ भने अधिकाश मानिसहरुको जिवनस्तर निर्वाह गर्न, रोजकारी तथा आयआर्जनको मुख्य स्रोत बन्न र खाद्य तथा पोषण सुरक्षामा महत्वपूर्ण भूमिका खेल्दछ । हाल कृषि क्षेत्रको विकास गर्नको निम्ती विभिन्न विज्ञान तथा प्रविधिहरुको विकास भएतापनि कृषि क्षेत्रको प्रतिफल निकै कम भएको पाईन्छ । कृषिको बढ्दो माग र उक्त मागलाई पूरा गर्न नसक्नु निम्न त्रिपक्षीय कुराहरुले प्रत्यक्षरुपमा असर गर्दछ , जनसंख्या वृद्धि र खाने आनीबानीमा परिर्वतन, जमिनको घट्दो क्षेत्रफल, विभिन्न प्रकोप र जलवायु परिवर्तनको असर । नेपालको इतिहासमा कृषि विभागको स्थापना कालदेखि नै कृषिप्रविधि प्रसारलाई कृषि उत्पादनको एउटा प्रमुख रणनितिको रुपमा अवलम्वन गरिदै आएको हो । यस्तो परिवेशमा कृषिको उत्पादन र उत्पादकत्व बढाउन विगत देखि गरिएका अभ्यास र आगामी रणनीतिहरुको महत्वपूर्ण भूमिका रहेको पाईन्छ । नेपालको कृषि क्षेत्रको वर्तमान समस्याहरु श्रमशक्तिको अभाव, कम प्रतिस्पर्धि तथा कम फाइदाजनक, जलवायु परिवर्तन, प्रविधिविकास तथा अनुसरणको सुस्त गति र भूमि सम्बन्धीका समस्याले गर्दा खाद्य सुरक्षा तथा पोषण सुधारमा बढ्दो चुनौती भएको छ । कृषि क्षेत्रको विकास नहुनुमा कृषकको अवस्था, सरकारको नीतिनियमतथा नेपालको भौगोलिकबनौटले गर्दा प्रत्यक्ष रुपमा असर गरेको छ । सोलुखुम्बु जिल्ला कृषि क्षेत्रको प्रचुर संभावना बोकेको जिल्लाको रुपमा रहेको छ। यहाँका कतिपय कृषि उपजहरु प्राङ्गारिक छन् । यि उपजहरुको बजार प्रवर्धन हुन सके यस जिल्लाका कृषकहरुले मनग्ये आम्दानी गर्न सक्ने देखिन्छ।भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र कृषि बिकास निर्देशनालय प्रदेश नं.ज्ञ मातहत रहने गरी सोलुखुम्बु जिल्लामा कृषि क्षेत्रको विकासको रुपमा कृषि ज्ञान केन्द्र सोलुखुम्बुको स्थापना बि.स.२०७५/०७/०५ गते भएको हो।स्थापना भएको बर्षबाट नै यस कार्यालयले कृषक समुह, कृषि सहकारी संस्था र कृषि उद्यमीहरुलाई लक्षित गरी विविध कार्यक्रमहरु संचालनमा ल्याएको थियो र हाल कृषि ज्ञान केन्द्र सोलुखुम्बुको स्वीकृत बार्षिक कार्ययोजना अनुसार चालु आ.व.२०७८/०७९ मा सम्पादन हुने कार्यक्रम एवं क्रियाकलापहरु द्वैमासिक रुपमा सरोकारबाला सबैमा जानकारी होस् भन्ने शुभेच्छाले सोलुखुम्बु कृषि गतिबिधि भन्ने द्वैमासिक पत्रिका प्रकाशनमा ल्याएको छ। आशा छ कृषि ज्ञान केन्द्र सोलुखुम्बुले द्वैमासिक रुपमा प्रकाशन गर्ने यस सोलुखुम्बु कृषि गतिबिधीले कृषि क्षेत्रलाई माया, प्रेम र सद्भाव राख्नु हुने सबैलाईसोलुखुम्बु जिल्लाको कृषि क्षेत्रको केही हद सम्म भए पनि जानकारी उपलब्ध गराउने छ।यस प्रकाशनकोसम्बन्धमा पाठकहरुबाट प्राप्त हुने रचनात्मक राय, सुझाव र प्रतिकृयाहरु पठाई आगामी दिनमा यस प्रकाशन लाई थप परिष्कृत बनाउन सहयोग पुग्ने छ भन्ने आशा लिएको छ।


प्रदेश सरकार
प्रदेश नं. १
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र सोलुखुम्बु**

फोन नं. : ०३८-५२०१३०, ९८५२८५११३०
ई-मेल : akcsolukhumbu@gmail.com


## यस भित्र :-


- १.कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७८/७९को स्वीकृत बार्षिक बजेट अनुसार प्रथम चौमासिकको कार्यक्रमको स्थलगत अनुगमन
- २.बाली उपचार शिविर कार्यक्रम संचालन
- ३.जैविक तथा वानस्पतिक विषादि प्रयोग विस्तार कार्यक्रम संचालन
- के हो त जलवायुमैत्री कृषि प्रणाली भनेको ?

## १.कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७८/७९को स्वीकृत बार्षिक बजेट अनुसार प्रथम चौमासिकको कार्यक्रमको स्थलगत अनुगमन









## २.बाली उपचार शिविर कार्यक्रम संचालन

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७८/७९को स्वीकृत बार्षिक कार्यक्रम अनुसार सोलुदुधकुण्ड नगरपालिका वडा नं ८ पत्ताले बजारमा मिति २०७८/०६/११ गते का दिन जम्मा २९ जना कृषकको स्याउ र तरकारीका रोगी नमुनाहरु परिक्षण गरियो र जैबिक बिषादी तथा उचित प्राबिधिक समाधानको उपाए बताईयो । साथै मोहनी पासो, जैविक विषादि, निम विषादी र एलो स्टिक ट्र्याप पनि वितरण गरियो ।






## ३.जैविक तथा वानस्पतिक विषादि प्रयोग विस्तार कार्यक्रम संचालन

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७८/७९को स्वीकृत प्रथम चौमासिक जैविक तथा वानस्पतिक विषादि प्रयोग विस्तार कार्यक्रम अनुसार सोलुदुधकुण्ड नगरपालिका वडा नं २, थुम्लिङमा मिति २०७८/०६/१९ गतेका दिन श्री सेति देवि कृषक समूहका कृषकहरुको उपस्थितिमा संचालन गरियो । कृषक समूहमा सुरक्षित बिषादी प्रयोग, जैबिक बिषादी प्रयोग तथा झोलमल बनाउने विधि र प्रयोग तथा सुक्ष्म खाद्यतत्व प्रयोग प्रदर्शनी सम्बन्धि तालिम र गोष्ठिबाट २५ जना कृषकहरु प्रत्यक्ष/अप्रत्यक्ष लाभान्वित भएका थिए ।

४) आकस्मिक प्रकोपमा सहयोग कार्यक्रम













कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७८/७९को स्वीकृत प्रथम चौमासिक कार्यक्रम अन्तर्गत आकस्मिक प्रयोग सहयोगमा नेचासल्यान गा.पा., सोताङ्ग गा.पा.थुलुङदुधकोशी गा.पा. मा फलकुहाउने,औसा किरा,र पात खन्ने किरा नियत्रणका लागिसो क्षेत्रहरुका ७५ जना कृषकहरुलाई फेरोमन ट्र्याप,एलो ट्र्याप जस्ता उपकरण बितरण गरियो।

## ५.उनत कृषि प्रविधि सम्बन्ध साना प्रर्दशन सामाग्री वितरण (फेरोमोन ट्र्याप लाईट ट्र्याप एल्लो ट्र्याप जनावार धपाउने औजार प्रयोग, सुपर ग्रेन ब्याग आदि)

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७८/७९को स्वीकृत कार्यक्रम अनुसार उन्नत कृषि प्रविधि सम्बम्ध साना प्रर्दशन सामाग्री वितरण अन्तर्गत सोलुखुम्बु जिल्लामा भएका उत्कृष्ट कृषकहरुलाई सुपर ग्रेन व्याग, सिकेचर, फेरोमेन ट्र्याप, एल्लो ट्र्यापहरु ४५ जना कृषकहरुलाई वितरण भएको




**दुर्गा बहादुर तिरुवा**
**निमित्त प्रमुख**

**के हो त जलवायुमैत्री कृषि प्रणाली भनेको ???**

## परिचय :

कृषि प्रधान देश नेपाल अनि नेपालीहरुको मुख्य पेशाको रुपमा रहेको कृषि क्षेत्रमा परापुर्वकाल देखि नै विभिन्न क्रान्ति तथा अभ्यासहरु आएतापनि देश, कृषक र कृषि क्षेत्रमा भने सन्तोष जनक परिर्वतन भने आउन सकेको छैन भन्ने कुराको महसुह हामी सबैमा रहेको छ । सामाजिक विकास तथा रुपान्तरणको क्रम र विज्ञान तथा प्रविधि क्षेत्रको आधुनिक परिवर्तनले कृषि क्षेत्रमा समारात्मक तथा नकारात्मक परिवर्तन क्रमिक रुपमा हुदै जाने क्रममा कृषकहरुले कतिपय कुरामा सहजको महशुस गरे भने कतिपय कुरालाई गुमाउनु परेको अवस्था छ । प्राङगारिक कृषि, हरित कृषि क्रान्ति, असल कृषि अभ्यास लगायत जलवायु मैत्री कृषि प्रणाली कृषकहरुले दिन प्रति दिन अनुसरण गर्दै आइरहेको तर जलवायु परिवर्तनले पनि कृषि क्षेत्रमा नकारात्मक असर पारेको हुदा यस अवस्थामा सबै भन्दा उत्तम र भर पर्दो अभ्यास भने जलवायु मैत्री कृषि प्रणाली नै रहेको छ भनि तथ्याङ तथा अनुसन्धानले प्रमाणीत गरेको छ। विकास शील राष्ट्रहरुमा विभिन्न क्षती मध्ये ठुला तथा मझौला प्रकोप र जोखिमहरुबाट कृषि क्षेत्रले पारेको प्रभाव २२ प्रतिशत देखिन्छ (एफएओ,२०१८) नेपाल हरितगृह ग्यास उत्सर्जनमा ०.०२७ प्रतिशत योगदान र जलवायु सङ्कटासन्नताका आधार मा १३ औ स्थानमा रहेका छ । जलवायु परिवर्तनले गर्दा अनिकाल रोगको महामारी, पानीको उपलब्धतामा कमी, बाढी पहिरोबाट धनजन र भौतिक पुर्वाधारको क्षति, जैविक विविधतामा असर आदि हुने हुदा उक्त समस्याहरु सग जुध्नको लागि दिगो कृषि, पर्यावरणीय कृषि र जीविको पार्जन उत्थानशीलतालाई रणनीतिका रुपमा प्रयोग गरेर हरितगृह ग्यासको उत्सर्जनलाई कम गर्न जलवायुमैत्री कृषि प्रविधिलाई अनुसरण तथा अभ्यासमा ल्याउन अत्यन्तै जरुरी छ ।

जलवायु मैत्री कृषि प्रविधि भनेको जलवायु परिवर्तनका प्रभावहरुसँग अनुकुलन भई, हरित गृह ग्यासको उत्सर्जनलाई कमगर्ने, कृषि उत्पादनमा वृद्धि गरी कृषक तथा समाजको खाद्य सुरक्षामा सुनिश्चित गर्ने प्रणाली हो । जलवायुमैत्री कृषिको शुरुवात खाद्य तथा कृषि संगठनको सन् २०१० मा नेदरल्याण्डमा भएको खाद्य सुरक्षा तथा जलवायु परिवर्तनको सम्मेलनबाट भएको हो । जलवायुमैत्री कृषिका तीन उदेश्यहरु; कृषिमा उतपादन तथा आम्दानी बढाउने र खाद्य सुरक्षित समाज र राष्ट्रको निमार्ण गर्ने, हरितगृह ग्यास उत्सर्जनमा कमी ल्याउने र जलवायु परिवर्तनका अनुकुलन योजना निर्माण गर्ने गर्दछ । जलवायुमैत्री कृषि प्रविधि तथा अभ्यासहरु कृषिविकास मन्त्रालय, इसिमोड, ली – बर्ड, सिप्रेडआदीले कार्यान्वयनमा ल्याएका छन । तर पनि जलवायुमैत्री कृषिमा अनुसन्धान तथा विकासका लागि पर्याप्त क्षमता विकास नभएकोले विभिन्न समस्याहरु देखापरेका छन ।




जलवायु मैत्री कृषि प्रविधिमा अनुकुलन, न्युनीकरण र खाद्य सुरक्षाका खम्बाहरुको ठुलो भुमिका रहने गर्दछ । अनुकुलन भनेको वातावरणसँग मिल्दो जीवन शैली अनुसार काम गर्ने अथवा परिवर्तित जलवायुको प्रभावलाई बुझेर सोही अनुरुप आफुलाई ढाल्ने भनेको हो । अर्को अर्थमा यसलाई जलवायु परिवर्तनको असरबाट पर्न आउने विपतको सङ्कटासन्नता घटाउनका लागि संवेदनशीलतालाई कम गरेर अनुकुलन क्षमतामा वृद्धि गर्ने भनेर पनि बुझ्न सकिन्छ । जस्तै, खडेरी भएको समय वा क्षेत्रमा खडेरी सहन सक्ने किसिमका धानबाली

जातहरु (सुक्खाधान १, सुक्खाधान २, सुक्खाधान ३, सुक्खाधान ४, सुक्खाधान ५, सुक्खाधान आदी) लगाउन सकिन्छ भने धेरै सिंचितवा घोल भएको ठाउमा स्वर्णा सब १, साँवा मसुली सब १ आदीलगाई अनुकुलनका उपायका र्यान्वयन गर्न सकिन्छ । त्यसैगरी धेरै पानी जम्ने तथा घोल क्षेत्रमा उठेको ब्याड बनाई विरुवालाई बचाउन सकिन्छ । न्युनीकरण भन्नाले हरितगृह ग्यासको उत्सर्जनलाई कम गर्ने र लामो समयसम्म कार्बन सञ्चितीकृत गर्ने भन्ने बुझिन्छ। जस्तै, शुन्य वा न्युनतम खनजोत गरेर हरितगृह ग्यासको उत्सर्जन कमगर्ने, एकीकृत खाद्य तत्व व्यवस्थापनलाई अनुसरण गरी रासायनिक मलको प्रयोगमा कटौती गरेर हरितगृह ग्यासको उत्सर्जन कम गर्ने, विरुवामा नाईट्रोजनको मात्रा पत्ता लगाउन लिफकलर चार्टको प्रयोग गर्ने जसले गर्दा आवश्यक रासायनिक मलको मात्रा पहिचान तथा खपत गर्न सकिन्छ । छापोको प्रयोग तथा बालीनालीका अवशेषको प्रयोगले माटोको खाद्य तत्व व्यवस्थापनमा सहयोग गर्दछ। सौर्य उर्जामा आधारित सिंचाई प्रविधिबाट हरितगृह ग्यासको उत्सर्जन कम गर्न सकिन्छ । त्यसैगरी खाद्य सुरक्षा भन्नाले कृषि क्षेत्रमा बालीको उत्पादन तथाआम्दानी बढाउदै हरेक व्यक्तिलाई आवश्यक पर्ने पोषण युक्त खाना सहज रुपमा उपलब्ध हुने प्रक्रिया बुझिन्छ।

## जलवायुमैत्री कृषि प्रविधिको प्रकार :

कुनै पनि कृषि जल वायु मैत्री हुनका लागि जलवायु परिवर्तन सँग अनुकुलन भई त्यसको नकारात्मक असरलाई न्युनीकरण गरी खाद्य सुरक्षाको प्रत्याभुति गराउने हुनु पर्दछ । जलवायु मैत्री कृषि प्रविधि स्थान तथा आवश्यकता अनुसार फरक फरक हुन सक्छ । एउटा प्रविधिले दुई वा दुई भन्दा बढी मैत्रीपुर्ण कार्यलाई सम्बोधनगर्न सक्दछ । यस प्रविधिमा पानी मैत्री, खाद्य तत्व मैत्री, कार्वन मैत्री, बीउ/जातमैत्री आदी पर्दछन् । सुक्खा सहन सक्ने धानको जातलाई पानीमैत्री र मौसम मैत्री भन्न सकिन्छ। त्यसैगरी सौर्य उर्जामा आधारित सिँचाईलाई पानीमैत्री र कार्वन मैत्री प्रविधि पनि भन्न सकिन्छ। कतिपय जलवायु मैत्री प्रविधि तथा अभ्यासहरु क्षेत्र विशेष हुने गर्दछन, जस्तै पहाडी क्षेत्रको लागि उपयुक्त हुने प्रविधिहरु तराई क्षेत्रको लागि उपयुक्त नहुन पनि सक्दछ । त्यसकारण जलवायु मैत्री प्रविधिको छनौट तथा अभ्यास गर्दा स्थानीय स्तरमा उपयुक्तहुने खालको हुनुपर्दछ ।

| जलवायुमैत्री प्रविधि तथा अभ्यासहरूका प्रकार | | | | |
|---|---|---|---|---|
| मौसम तथा ज्ञानमैत्री | पानीमैत्री | बीउ/जातमैत्री | कार्बन/खाद्यतत्त्वमैत्री | बजार/संस्थामैत्री |

सम्पूर्ण जलवायुमैत्री विकल्पहरूरूले जलवायुमैत्री कृषिका तीनवटै स्तम्भहरूमा चित्रमा देखाइए जसरी योगदान पुर्याउँदछन् ।

